पत्रसंख्या : शा.रे.डे.बै.लि./२०८०/०८१/..१३०७

**मिति : २०८०/०७/२३**

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड**
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

**बिषय : पन्ध्रौं वार्षिक साधारण सभा तथा शेयरधनी दर्ता किताव बन्द (Book Close) सम्वन्धमा ।**

**महोदय,**
उपरोक्त सम्वन्धमा यस शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडको मिति २०८० कार्तिक २३ गते साँझ ५.०० बजे बसेको सञ्चालक समितिको २८२औं बैठकको निर्णयानुसार पन्ध्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएकोले वार्षिक साधारण सभा तथा प्रस्तावित बोनश शेयर तथा नगद लाभांश (बोनश शेयरमा लाग्ने कर प्रयोजनका लागी) प्रयोजनार्थ मिति २०८०/०८/११ गते देखी २०८०/०८/२३ गतेसम्म शेयरधनी दर्ता किताव वन्द (Book Close) रहने व्यहोरा जानकारीको लागी अनुरोध गर्दछौं ।

साथै, पन्ध्रौ वार्षिक साधारण सभा सम्वन्धी सूचना मिति २०८०/०७/२४ गतेको कारोवार राष्ट्रिय दैनिकमा प्रकाशित हुने ब्यहोरा समेत अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थान :**
मिति : २०८० साल मंसिर २३ गते, शनिवार (तद्नुसार डिसेम्वर ९, २०२३) ।
समय : बिहान ११ : ०० बजे ।
स्थान : ड्रिमल्याण्ड गोल्ड रिसोर्ट एण्ड होटल प्रा.लि., मणिग्राम, रुपन्देही ।

**छलफलका विषयहरु :**

**क. सामान्य प्रस्तावहरु :**

१. आ.व. २०७९/०८० को सञ्चालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आ.व. २०७९/०८० को नाफा वा नोक्सान विवरण, नगद प्रवाह लगायतका वित्तीय विवरणहरु पारित गर्ने ।
३. आर्थिक बर्ष २०८०/०८१ को लेखापरिक्षण गर्न लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूंजीको ०.५५ प्रतिशतले हुने रकम रु. २,३६,७४,०९१/४४ (अक्षरेपी दुई करोड छत्तिस लाख चौहत्तर हजार एकानब्बे रुपैंया र पैसा चवालीस मात्र) नगद लाभांश (बोनश शेयरमा लाग्ने कर प्रयोजनको लागी) वितरण गर्न स्विकृत गर्ने ।

**ख. विशेष प्रस्तावहरु :**

१. अधिकृत पूँजी बृद्धि गर्ने ।
२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वितरणयोग्य सञ्चित मुनाफावाट चुक्ता पूँजीको १०.५० प्रतिशतले हुन आउने रकम रु. ४४,९८,०७,७३७/३८ (अक्षरेपी चवालिस करोड अन्ठानब्बे लाख सात हजार सात सय सैतिस रुपैया र पैसा अठतिस मात्र) बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने र सोही बमोजिम जारी तथा चुक्ता पूंजी वृद्धि गरी प्रबन्धपत्रको संम्वन्धित दफा संशोधन गर्ने ।
३. प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।

SHINE RESUNGA
DEVELOPMENT BANK LTD.

४. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड र अन्य बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) हुने प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमती पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा उक्त कार्यसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने।

५. प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनका लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी प्रदान गर्ने।

**ग. विविध**

**भवदीय,**

SHINE RESUNGA DEVELOPMENT BANK LTD.

..................
प्रकाश पौडेल
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव